नयाँ पत्रिका

मिति २०७७/८/१६ गते

नो कार्यकाल सफल पार्न कर्मचारीहरुको महत्त्वपूर्ण भूमिका रहने बताए। उनले भने, ... सम्पादन गर्न आग्रह गर्दछु। उचित वातावरण भएमा साधारणबाट ... अर्गनाइजेसनका रुपमा सञ्चालन गर्ने मेरो लक्ष्य छ।'

# भन्सार पासबिना नै थन्किए ६ सय सवारी

**तिवारी यादव/नयाँ पत्रिका**
**वीरगन्ज, १४ मंसिर**

सवारीसाधनका आयातकर्ताले समयमै सवारीसाधन नछुटाउँदा वीरगन्ज भन्सार कार्यालय र एकीकृत जाँचचौकी (आइसिपी)मा चारपाग्रे सवारीसाधन थन्किएका छन्। आयातकर्ताले विदेशबाट विलासी कार, जिप आयात गरेर लामो समयसम्म जाँच पास नगराउँदा सवारीसाधन भन्सार यार्डमा थन्किएका हुन्।

लामो समयदेखि थन्किएका कार, जिपमा हुन्डाई, टोयोटा, किया, इसुजुलगायत ब्रान्डका कारको संख्या उच्च रहेको छ। तेस्रो मुलुकबाट आयात भई आएका विलासी कार, जिपको भन्सार महसुल, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर तथा सडक सम्भार महसुल गरी करिब सवारीसाधनको मूल्यभन्दा बढी राजस्व तिर्नुपर्ने भएकाले आयातकर्ताले ग्राहक पाएपछि मात्र यस्ता कार, जिप छुटाउने गरेको भन्सार अधिकृतहरूको भनाइ छ।

भन्सार यार्डमा गाडी पार्किङ गर्दा बढी पैसा तिर्नुपर्ने भएकाले धेरैजसो आयातकर्ताले सीमावर्ती क्षेत्र भारतको रक्सौलमा सञ्चालनमा रहेका निजी ग्यारेज वा गाडी राख्न बनाइएका सुरक्षित पार्किङस्थल भाडामा लिएर गाडी राख्ने गरेका छन्। वीरगन्ज भन्सार कार्यालय र आइसिपीमा राखिएका गाडीभन्दा पनि भारत र तेस्रो मुलुकबाट आयात भई आएका सवारीसाधन भारतीय भूमि रक्सौलमा ठूलो संख्यामा राखिएको छ।

## ■ ३ महिनादेखि भन्सारमा थन्किएका सवारीसधान

वीरगन्ज भन्सार नाकाको शंकराचार्य र आइसिपी नाका भएर आयात भएका कुल ६ सय २५ वटा चारपाग्रे सवारीसाधन थन्केका छन्। विगत लामो समयदेखि भन्सारमा आयात भएका विभिन्न कम्पनीका चारपाग्रे गाडी थन्केका हुन्। आयात भएका सवारीमध्ये वीरगन्ज भन्सारमा करिब १ सय र बाँकी सबै आइसिपीमा थन्केका वीरगन्ज भन्सारका सूचना अधिकारी विमलकुमार साहले जानकारी दिए।

उनले भन्सारमा आएका गाडी ढिलो-चाँडो पास हुने प्रक्रिया रहेकाले अहिले पास नभएपछि थन्किएको बताए। सूचना अधिकारी साहका अनुसार थन्किएका गाडीहरूमा कार, जिप भ्यान, माइक्रोलगायतका गाडी छन्।

---

## भंगाहा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

भंगाहा, महोत्तरी, प्रदेश नं. २, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति २०७७/०८/१५ गते)**

यस कार्यालयबाट मिति २०७७/०६/१९ मा प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार रितपूर्वक म्याद भित्र यस कार्यालयमा दर्ता हुन आएका बोलपत्र दाताहरुको बोलपत्रको मूल्याङ्कन गर्दा न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएका निम्न बमोजिमका बोलपत्र दाताहरुको बोलपत्र स्वीकृतीका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा (२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | बोलपत्र नं. | निर्माण कार्यको प्रकृति | सारभूत रुपमा प्रभावग्राही भएका बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक रु. (VAT सहित) | दोस्रो र तेस्रो न्यूनतम अंक कबोल गर्ने बोलपत्र दाता |
|---|---|---|---|---|---|
| १ | NCB-05 2077/078 | Construction of Health care center Building, Bhangaha-01 | श्री भुवनेश्वरी निर्माण प्रा. लि. नागरर्जुन-०३, काठमाण्डौ | ३८,८४,८८५/६९ | १. श्री दिव्यान्सु बिल्डर, जनकपुर-१४, धनुषा २. श्री महतो निर्माण सेवा, नगराइन न.पा.-०१, धनुषा |
| २ | NCB-05 2077/078 | Construction of Health care center Building, Bhangaha-03 | श्री भुवनेश्वरी निर्माण प्रा. लि. नागरर्जुन-०३, काठमाण्डौ | ३८,८४,८८५/६९ | १. श्री महतो निर्माण सेवा, नगराइन न.पा.-०१, धनुषा २. श्री दिव्यान्सु बिल्डर, जनकपुर-१४, धनुषा |
| ३ | NCB-05 2077/078 | Construction of Health care center Building, Bhangaha-04 | श्री महतो निर्माण सेवा, नगराइन न.पा.-०१, धनुषा | ३८,८४,८८५/६९ | १. श्री दिव्यान्सु बिल्डर, जनकपुर-१४, धनुषा २. श्री भुवनेश्वरी निर्माण प्रा. लि. नागरर्जुन-०३, काठमाण्डौ |

**प्रमुख प्रशासकीय अधिकृत**